**निर्णय नं. ५:** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६५ क- मूल्याङ्कन सम्बन्धी विशेष व्यवस्था बमोजिम निज बोलपत्रदाता श्री D B C Construction P. Ltd.वा सो को सञ्चालक उपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर भए नभएको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट, विशेष अदालत लगायत विभिन्न निकायबाट यकिन गरियो । सो सम्बन्धमा उक्त बोलपत्रादाता वा सोको सञ्चालक उपर कुनै पनि भ्रष्टाचार सम्बन्धी कसूरमा मुद्दा दायर भएको नदेखिएकोले निज बोलपत्रदाता श्री D B C Construction P. Ltd. ले पेश गरेको आर्थिक प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही (Lowest Evaluated Substantially Responsive Bid) रहेको निर्णय गरियो ।

**निर्णय नं. ६:** Contract ID: LIDPO/Surkhet/RM/W/NCB-09/2080/081को प्राविधिक प्रस्तावबाट छनौट भई आर्थिक प्रस्ताव मूल्याङ्कन भएको एक (१) वटा बोलपत्रदाता सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६४,६५ र ६५क बमोजिम बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाता श्री D B C Construction P. Ltd. ले पेश गरेको कुल रकम रु. २,००,८०,००८.८० (अक्षरुपी दुई करोड असी हजार आठ रुपैया र पैंसा असी मात्र) (भ्याट र प्रोभिजनल रकम बाहेक) यस कार्यालयको स्वीकृत लागत अनुमान रकम रु. २,५३,४६,८७६.२९ (अक्षरुपी दुई करोड त्रिपन्न लाख छयालिस हजार आठ सय छयहत्तर रुपैया र पैंसा उनन्तिस मात्र) (भ्याट र प्रोभिजनल रकम बाहेक) भन्दा रु. ५२,६६,८६७.४९ (अक्षरुपी बाउन्न लाख छैसठ्ठी हजार आठ सय सतसठ्ठी रुपैया र पैंसा उनन्चास मात्र) (भ्याट र प्रोभिजनल रकम बाहेक)ले कम रहेको छ जुन रकम स्वीकृत लागत अनुमानको रकमभन्दा २०.७८ % ले कम रहेको छ। अत: पेश भएका बोलपत्रहरु मध्य न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही (Lowest Evaluated Substantially Responsive Bid) श्री D B C Construction P. Ltd. ले पेश गरेको कुल रकम रु. . २,००,८०,००८.८० (अक्षरुपी दुई करोड असी हजार आठ रुपैंया र पैंसा असी मात्र) (भ्याट र प्रोभिजनल रकम बाहेक) बराबरको बोलपत्र सार्वजनिक खरिद नियमावली,२०६४ (बाह्रौं संशोधन) को नियम ६५ को उपनियम (३) बमोजिम सो बोलपत्रदातासँग निजको कबोल अंकको पाँच प्रतिशतमा थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृतीको लागि सिफारिस गर्ने निर्णय गरियो ।

नि. कार्यालय प्रमुख